जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २८५ २०८२ साल असार ५ गते बिहीबार (19 June 2025 Thursday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : सङ्घ र प्रदेशको ... ३ पृष्ठमा : इच्छाअनुसार सन्तान जन्माउन ... ३ पृष्ठमा : गाजामा इजरायली ...

## सर्वदलिय बैठकबाट विभिन्न विकासीय योजनाहरु तत्कालै सम्पन्न गराउन निर्णय



**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षमा बुधबार बसेको सम्बन्धीत कार्यालयहरुका प्रमुख, निर्माण कम्पनीका प्रतिनिधिसहित सर्वदलिय बैठकले जिल्लाका विभिन्न विकासीय योजनाहरु तत्कालै सम्पन्न गराउन निर्णय गरेको छ ।

बैठकले हुलाकी सडक योजना अन्तर्गत कंचनरुप हनुमाननगर सडक खण्ड अन्तर्गत राजविराजदेखि भलुवाही खोला नजिक निर्माणाधीन अवस्थामा रहेका सडक खण्ड राजविराज नगरपालिकाको क्षेत्राधिकार पर्ने भएकोले राजविराज नगरपालिकाको समन्वयमा सडक खण्ड नाप जाँच पश्चात तत्काले सडक निर्माण कार्य तत्काल सुचारु गर्ने निर्णय गरेको छ ।

त्यस्तै बैठकले महेन्द्र राजमार्ग अन्तर्गत कमला कंचनपुर खण्ड अन्तर्गत कंचनपुरदेखि कुशहासम्म निर्माण कार्य अधुरो रहेको र बर्षातको समय नजिकिएसँगै सडक हिलो तथा खाडोहरुमा पानी जमि दुर्घटना समेत हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै यही आर्थिक मसान्त भित्र सम्पन्न गर्न सम्बन्धित कार्यालयले निर्णयमा व्यवसायीसँग समन्वय गरी तत्काल निर्माण कार्य सम्पन्न गराउने निर्ण पनि गरेको छ ।

बर्षातको समयमा अधुरो रहेको निर्माण कार्यहरु जस्तैः रुपनी-राजबिराज सडक खण्ड, राजविराज-सखडा सडक खण्ड, राजविराज-हनुमाननगर-भारदह सडक खण्ड लगायत अन्य सडक खण्डहरुमा वर्षातको समयमा नाली तथा रोडहरुमा पानी जमि हिलो भई स्थानी बासी तथा सवारी साधन समेतको आवागमनमा समस्या भईरहेको र यसवाट सवारी साधान दुर्घटना समेत हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै यथाशिघ्र निर्माण कार्य सुचारु गरी यही आर्थिक वर्षको मसान्त सम्म सम्पन्न गर्ने व्यवस्था सम्बन्धित निर्माण व्यवसायी र डिभिजन सडक कार्यालय लहानले गर्ने निर्णय गरेको छ ।

सप्तरी जिल्ला भित्र निर्माण भइरहेका बमोजिमका निर्माण तथा मर्मत सम्भारको लागि तोकिएको समयमा सम्पन्न हुने गरी सम्बन्धित कार्यालय र आयोजना तथा निर्माण व्यवसायी प्रतिबद्ध रहने तथा समयमा निर्माण कार्य सम्पन्न नभएमा सम्बन्धित कार्यालय र आयोजनाले आवश्यक कारवाहीको प्रकृया अगाडी बढाउने निर्णय पनि गरिएको छ ।

जिल्ला भित्र निर्माण भईरहेका अधुरो योजनाहरुको

*बाँकी तीन पृष्ठमा*

## ट्याक्टरले ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

तीन दिनअघि मात्र विवाह बन्धनमा बाधिएका सप्तरीको रुपनी गाउँपालिका १ निवासी २४ वर्षिय मो. आजाद मियाँको मंगलबार राती दुर्घटनामा परि मृत्यु भएको छ ।

गत आइतबार मात्रै विवाह भएको मो. आजाद चढेको मोटरसाइकललाई मंगलबार राती ट्याक्टरले ठक्कर दिँदा उनको मृत्यु भएको हो ।

राती ९:३० बजेतिर प्र.२-०१-००१प.३१३५ नम्बरको मोटरसाइकल चढेर काम विशेषले शम्भुनाथ बजारतर्फ जाँदै गर्दा विपरीत दिशाबाट तिव्र गतिमा आउँदै गरेको स.१प.४९७२ नम्बरको ट्याक्टरले शम्भुनाथ चौक नजिकै ठक्कर दिँदा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार ट्याक्टरको ठक्करबाट गम्भिर घाइते भएका उनको स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारको क्रममा

*बाँकी दुई पृष्ठमा*

## नगरपालिका कर्मचारीको आन्दोलन जारि



**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

विगत ६ दिनदेखी धर्नामा बसेका राजविराज नगरपालिकाका कर्मचारीहरुको माग प्रति समर्थन जनाउने क्रम बढ्दै गएको छ ।

यसै क्रममा बुधवार गत स्थानीय तहको निर्वाचनमा नेपाली काँग्रेसको तर्फबाट राजविराज नगरपालिकाको मेयर पदका प्रत्याशी इरसाद अंसारी, लोसपाका तर्फबाट मेयर पदका प्रत्याशी तथा वर्तमान राष्ट्रिय मुक्ति पार्टीका जिल्ला अध्यक्ष दिपेन्द्र चौधरी, समाजसेवी हितनारायण लाल दाससहित एक दर्जन सामाजिक अगुवाहरुले धर्नास्थलमै पुगेर एकयबद्धता जनाएका हुन् ।

उनीहरुले नगरपालिकामा भएको तोडफोडको भर्त्सना गर्दै कर्मचारीहरुमाथी कुटपिट र

*बाँकी तीन पृष्ठमा*

## श्री फेज कृषि विद्युतिकरणको शुभारम्भ



**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-६ मा बुधवार श्री फेज कृषी विद्युतिकरण कार्यको शुभारम्भ गरेका छन् ।

कृषिमा उत्पादन वृद्धि र सिंचाइको सुविधा सहज बनाउने उद्देश्यले नगरपालिकाभित्रको वडाहरू २, ५, ६, ७ र ८ का हजारौं कृषकहरूलाई लाभ पुग्ने अपेक्षा गरिएको छ ।

मुख्यमन्त्री सिंहले कृषि विकासमा प्रविधिको प्रयोग अपरिहार्य रहेको बताउँदै प्रदेश सरकारले यस्ता योजनालाई प्राथमिकतामा राखेको उल्लेख गर्दै कृषिमा आत्मनिर्भर बनाउने चाहनालाई सिँचाइ, मल, बीउ र बजार सुनिश्चित गरिनु पर्ने बताए ।

विद्युतिकरण कार्य सम्पन्न भएपछि ती क्षेत्रका कृषकहरूले अब डिजेलपम्पमा निर्भर हुनु नपर्ने नगरप्रमुख

*बाँकी दुई पृष्ठमा*

**सांस्कृतिक विविधताको सम्मान गरौं ।**

- सबै धर्म, जात, जाती भाषा भाषि, भेषभूषा र पहिचानको सम्मान गरौं,
- सबैका चाडपर्वमा सहभागी बनौं, अन्तरसंवाद बढाऔं,
- भेदभाव, छुवाछुत, घृणा र हिंसाविरुद्ध बोलौं,
- सांस्कृतिक कार्यक्रम र परम्परालाई संरक्षण गरौं,
- समावेशी समाज निर्माण गरौं,
- विविधतामा एकताको भावना निर्माण गरौं ।

"सांस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं"

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### "हतारमा गए भन्न सकिन्न् बिस्तारै गए पुग्न सकिन्छ"

"हतारमा गए भन्न सकिन्न् बिस्तारै गए पुग्न सकिन्छ" भन्ने उखान सवारी दुर्घटनामा लागु हुने हो । अहिले मुलुकमा सवारी दुर्घटना अधिकांश यही उखानबाट हुन गरेको पाइन्छ । सवारी दुर्घटना सवारीसाधनबाट मात्र नभइकन अन्य कुनै माध्यमबाट पनि हुन सक्छ । हाम्रो मनमस्तिष्कमा दुर्घटना भन्ने बित्तिकै दुईवटा सवारीसाधन ठोकिनु हो । तर जबसम्म हामी आफै सचेत रहदैनौं तबसम्म दुर्घटनाबाट बच्न सक्दैनौं ।

यता दुर्घटनालाई न्युनिकरणका लागि प्रहरी प्रशासन लागिपरेको छ । विभिन्न जनचेतनामूलक नाटक तथा अभियान मार्फत प्रहरीले दुर्घटना न्युनिकरणमा लागिपरेको छ । दुर्घटनामा दुई पाङ्ग्रे सवारी बढी दुर्घटना हुने गरेको तथ्याङ्क छ । यसरी सवारी दुर्घटनालाई न्यूनिकरण गर्नका लागि प्रहरीले विभिन्न सचेतनामूलक कार्यक्रमदेखी सवारी चालकलाई चेतना समेत दिदै आएपनि खासै प्रभावकारी हुन सकिरहेको छैन् । १८ देखी ३५ वर्षसम्मका युवकहरु दुर्घटनामा बढी ज्यान गुमाउने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ । मोटरसाइकल दुर्घटना हुने प्रमुख कारण गति अनियन्त्रित हुनु हो । यसका लागि स्वयम यूवाहरुले आफैले गति नियन्त्रण गर्नुपर्दछ ।

तसर्थ सवारीसाधनलाई बिस्तारै चलाएर आफ्नो गन्तव्यतर्फ जान सबैले ध्यान दिनु उत्तिकै जरुरी छ भने प्रहरी तथा सरोकारवाला निकायले यसप्रति अझ गम्भिर भएर लाग्नु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सङ्घ र प्रदेशको अधिकारको विवादले वन मुद्दा फछ्र्यौट हुनै सकस

**हिमाल लम्साल**

पर्सा, ४ असार (रासस) ।

डिभिजन वन कार्यालय कार्यालय पर्सामा २०७७ साल चैत १० गते अवैध रुपमा ११ दशमलव ८४ क्यूफिट 'ए' ग्रेडको सालको वन पैदावर ओसारपसार गरेको अभियोगमा पर्साका तीन जना विरुद्ध मुद्दा दर्ता भयो ।

वीरगञ्ज महानगर वडा नम्बर २९ का रतनपुरका कासिम मिया नेटुवा, वीरगञ्ज-३२ का परसवाका रामलाल महतो र सुखल महतोले अवैध रुपमा वनपैदावर ओसारपसार गरेको कसुरमा मुद्दा दर्ता भएको पनि चार वर्ष बितिसक्यो । तर अहिलेसम्म पनि सो मुद्दा किराना लाग्न सकेको छैन । उक्त मात्रै होइन् २०७७ साल चैत १३ गते पनि पर्साको सखुवाप्रसौनी गाउँपालिका वडा नम्बर १ का सखुनियाँ टाँडीका शिव शर्माले सात दशमलव ७३ क्यूफिट 'सी' ग्रेडको सालको काठ अवैध ओसारपसार गरेको अभियोगमा डिभिजन वन कार्यालयमा मुद्दा दर्ता भयो । तर, शर्मा कसुर रहेको मुद्दाको छिनोफानो भने अझैसम्म पनि हुन सकेको छैन ।

त्यस्तै २०७७ साल चैत १३ गते बहुदरमाई नगरपालिका वडा नम्बर ४ डोकैलाका राजकुमार साह र सोही नगरपालिकाका वडा नम्बर २ बस्ने मोतिलाल साहले १३ दशमलव ४१ क्यूफिट काठ अवैध ओसारपसार गरेको कसुरमा दर्ता भएको मुद्दाको अहिलेसम्म किनारा लाग्न सकेको छैन ।

यी केही प्रतिनिधिमुलुक घटना मात्रै हुन । मुलुक सङ्घीय संरचनामा गएपनि वनसँग सम्बन्धित ऐन, कानुन सङ्घीय सरकार र प्रदेश सरकारबीच अधिकार र क्षेत्राधिकारको विषय बाभिँदा वन मुद्दाको निरुपण गर्न समस्या थपिँदै गइरहेका ज्वलन्त उदाहारण हुन् ।

मुलुकी फौजदारी कार्यविधि संहिता ऐन २०७४ र वन ऐन,२०७६ का कतिपय प्रावधानले अहिले पनि जिल्ला अदालत र डिभिजन वन कार्यालयबीच क्षेत्राधिकारको विवादको कारणले वनसँग सम्बन्धित मुद्दा सात वर्षदेखि अल्झिँदै आइरहेका छन् ।

विसं २०७५ १ भदौदेखि कार्यान्वयनमा आएको मुलुकी फौजदारी कार्यविधि संहिता ऐन २०७४ अनुसार सरकारवादी मुद्दा सङ्घीय सरकारको प्रतिनिधिले मात्र चलाउने व्यवस्था भएपछि वन तथा पैदावारसँग जोडिएको मुद्दा फछ्र्यौटमा समस्या देखिएको हो । अर्कोतर्फ वन ऐन, २०७६ को दफा ६७ मा यस ऐनअन्तर्गत रु दुई लाखसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्धा सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछन् भन्ने व्यवस्था छ । तर, अहिले डिभिजनल वन अधिकृत (डिएफओ) भने प्रदेश सरकार मातहतका छन् । यस कारणले पनि जिल्लामा दर्ता भएका वन मुद्दा फछ्र्यौट गर्न कानुनी अड्चन देखिएको हो ।

डिभिजन वन कार्यालय पर्साका डिभिजनल वन अधिकृत मञ्जुर अहमदले वन मुद्दासँग टुङ्गो लगाउनका लागि कानुनी जटिलता र अड्चन भएकाले पनि समयमै मुद्दा फछ्र्यौट गर्न चुनौती थपिएको बताउनुहुन्छ ।

"वन ऐन २०७६ को दफा ६७ मा यस ऐनअन्तर्गत रु दुई लाखसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा नेपाल सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछन भन्ने व्यवस्था छ", उहाँले भन्नुभयो, "अहिले डिभिजनल वन अधिकृत प्रदेश सरकार मातहतको रहेका छन् । तर, कानुनी व्यवस्थामा सङ्घीय डिभिजन वन अधिकृतले गर्ने भन्ने व्यवस्थाको कारणले पनि वन मुद्दालाई किनारा लगाउनका लागि ठाउँपिच्छे नै फरक-फरक रहेको छ । कतै प्रदेशका डिभिजन वन अधिकृतले मुद्दाको किनारा लगाउँदै आइरहनुभएको छ । त कतै पनि सो मुद्दा किनारा लगाउन समस्या भइरहेको छ ।"

डिभिजन वन कार्यालय पर्साकाका अनुसार आव २०७५/७६ देखि आव २०८१/८२ चैत मसान्तसम्मको अवधिमा डिभिजन वन कार्यालयमा अवैध वन पैदावार चोरीसँग सम्बन्धित एक सय ८९ मुद्दा छन् । त्यस्तै अदालतमा विचाराधीन अवैध वनपैदावरसँग सम्बन्धित २७ वटा मुद्दा रहेका छन् । कार्यालयमा वन्यजन्तु चोरी सिकारीसम्बन्धी मुद्धा छ वटा छन् । त्यस्तै अवैध ढुङ्गा गिटी बालुवा ओसरपसारसँग सम्बन्धित एक र अतिक्रमणसँग सम्बन्धित दुई र वन्यजन्तुसँग सम्बन्धित मुद्दा छ वटा छन् । कार्यालयका अनुसार कार्यालयसँग समग्रमा १९५ वटा मुद्दा रहेका छन् भने जिल्ला अदालतमा ३३ वटा मुद्दा विचाराधीन अवस्थामा छन् ।

मधेस प्रदेश वन निर्देशनालयका प्रदेश वन निर्देशक जगन्नाथप्रसाद जयसवालले कानुनी दुविधा देखिएकाले यो समस्या एउटा डिभिजन वन कार्यालयसँग सम्बन्धित नभएर मुलुकभर रहेका ८४ वटै कार्यालयमा समस्या देखिएको बताउनुभयो ।

"गत वैशाख ३० र ३१ गते काठमाडौँमा भएको ८४ वटै जिल्लाका डिभिजन वन कार्यालयका प्रमुखहरुको बैठकमा पनि यो विषय जोडतोडले उठेको थियो", उहाँले भन्नुभयो, "यो विषयमा वन तथा वातावरण मन्त्रालय मन्त्री, मुख्यसचिव तथा महान्यायधीवक्ताको कार्यालयलाई जानकारी गराइसकेका छौँ । सम्भवत् उहाँहरुले आवश्यक कानुनी समस्या सल्टाएर यो विवाद अन्त्य गर्नुहोला भन्ने अपेक्षा राखेका छौँ ।"

प्रदेश वन निर्देशक जयसवालले कानुनी अड्चनकै कारणले समयमै सहज र सरल ढङ्गले न्याय प्राप्तिमा असर पारिरहेको बताउनुहुन्छ । यो अधिकारको विवाद जति धेरै लम्बिँदै जान्छ । त्यति नै न्याय निरुपणमा समस्या थपिँदै जानेछ । जतिसक्दो छिटो न्याय निरुपण गर्न आवश्यक भइसकेको छ उहाँको भनाइ छ ।

जिल्ला सरकारी वकिल कार्यालय पर्साका कार्यालय प्रमुख भोलानाथ निरौलाले वन पैदावरसँग सम्बन्धित मुद्दा सङ्घीय सरकार मातहतको डिभिजन वन अधिकृतले हेर्ने कानुनी व्यवस्था भएकाले मधेस सरकार मातहतका डिभिजन अधिकृतले हेर्न नमिल्ने अवस्था रहेको बताउनुभयो । "क्षेत्राधिकार सङ्घीय डिभिजनल वन अधिकृतलाई दिएकाले पनि सो मुद्दाको निरुपण हुन सकिरहेको छैन", उहाँले भन्नुभयो, "हामीले त मौजुदा कानुनमा जे उल्लेख गरिएको छ । सोही बमोजिम नै कार्यान्वयन गर्दै आइराखेका छौँ । क्षेत्राधिकार नभएको कुरालाई दिन सकिने कुरा पनि भएन नि ।"

वन ऐन,२०७६ को दफा ६२ मा ऐन बमोजिम एक वर्षसम्म कैद सजाय हुने कसुरसम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको प्रदेश सरकारको कर्मचारीले गर्ने व्यवस्था उल्लेख छ । ऐनमा भनिएको छ, "यस ऐन बमोजिम एक वर्षभन्दा बढी कैद सजाय हुने कसुरसम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको नेपाल सरकारको कर्मचारीले गर्नेछ ।"

त्रिभुवन विश्वविद्यालय वन विज्ञान अध्ययन संस्थानका प्रा डा राजेश राईले दुवै कानुन आएको झण्डै सात वर्ष बित्दासमेत सङ्घ र प्रदेश सरकारबीचको अधिकार स्पष्ट किटान गर्न नसक्दा समस्या भएको बताउनुभयो । "नेपालको संविधान २०७२ मा फौजदारी मुद्दा नेपाल सरकारको हुने व्यवस्था छ", उहाँले भन्नुभयो, "वन ऐन, २०७६ मा डिएफओ प्रदेश सरकार मातहत हुने भएको छ । तर, सोही ऐनको दफा ६७ मा यस ऐनअन्तर्गत रु दुई लाखसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछन् भन्ने व्यवस्थाकै कारणले अहिले वनपैदावरसँग मुद्दाको फछ्र्यौट हुन नसकेको हो ।"

प्रा डा राईले प्रदेशलाई अधिकार दिए जस्तो पनि गर्ने तर पूर्णरुपमा अधिकार नदिँदा अहिलेको समस्या उत्पन्न भएको बताउनुहुन्छ । "अहिले देखिएको समस्या निरुपणको उपाय भनेको नै मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ र वन ऐन, २०७६ को प्रावधानलाई संशोधन गर्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो ।

वन मुद्दाको फछ्र्यौट मात्रै नभएर सशस्त्र वन रक्षक सङ्घीय सरकार मातहत छन् । तर, अहिले प्रदेश सरकार मातहतका डिएफओले सशस्त्र वन रक्षकलाई खटाउँदै आइरहेको अवस्था छ । डिभिजनल वन अधिकृत अहमद कतिपय जिल्लामा डिभिजनल वन अधिकृत, जल्ला सरकारी वकिल कार्यालय र न्यायाधीशको समन्वयमा वनपैदावरसँग सम्बन्धित मुद्दा सहमतिमा अदालतबाट सल्टाउने गरिएको दाबी गर्नुहुन्छ ।

## ट्याक्टरले...

मृत्यु भएको छ । सो दुर्घटनामा उनीसँगै सवार सोही वडाका १८ वर्षिय मो. समिर मियाँ गम्भिर घाइते भएका छन् । उनको धरानस्थित विपि कोइराला स्वास्थय विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ ।

ठक्कर दिने ट्याक्टर र चालक शम्भुनाथ नगरपालिका १ बस्ने २७ वर्षिय कैलाश यादवलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## थ्री फेज...

वीरेन्द्र माझीले जानकारी दिए । सिंचाइका लागि आवश्यक पर्ने विद्युत महसुल नगरपालिकाले नै व्यहोर्ने उनले बताए ।

थ्री फेज विद्युतिकरणपछि किसानले सहज रूपमा मोटर पम्प चलाउन सक्ने र समयमै खेतमा पानी पुऱ्याउन सक्ने भएकाले उत्पादनमा उल्लेख्य वृद्धि हुने आशा गरिएको छ ।

# इच्छाअनुसार सन्तान जन्माउन किन अनिच्छुक ?

काठमाडौं, ४ असार (रासस)।

संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपिए) को एक प्रतिवेदनले नेपाललगायत संसारभरका लाखौं व्यक्तिहरूले आर्थिक तथा सामाजिक बाधाका कारण इच्छाअनुसार सन्ताउन जन्माउन अनिच्छुक भएको देखाएको छ।

मंगलबार सार्वजनिक प्रतिवेदनले विभिन्न प्राज्ञिक अनुसन्धान तथा १४ राष्ट्रहरूमा गरिएको अध्ययनले प्रत्येक पाँचमध्ये एक व्यक्तिले आफूले इच्छा गरे जति बच्चा नजन्माउन नपाएको उल्लेख गरेको देखाएको छ। प्रतिवेदनकाअनुसार यो हुनुमा बढ्दो खर्च, घट्दो पारिवारिक सहयोग र भविष्यको प्रतिको चिन्ता रहेको देखाएको हो।

यसैगरी जीवनयापनका लागि बढ्दो खर्च, रोजगारीको असुरक्षा, प्रजनन स्वास्थ्य सेवामा सीमित पहुँच र विश्वव्यापी सङ्कटजस्तै युद्ध र जलवायु परिवर्तन यसका थप असरहरू रहेका छन्।

नेपालको अवस्था र कारणहरू विश्वव्यापी अरू कारणहरू जस्तै रहेको प्रतिवेदनमा उल्लेख भएको छ। भनिएको छ, "दुई र सोभन्दा बच्चा जन्माउने इच्छा राखे पनि दम्पतीहरूले कम बच्चा जन्माइरहेका छन्। यो प्रवृत्ति विकसित प्रदेशमै जस्तै बागमती र गण्डकीमा रहेका छन्। नेपालको कूल प्रजनन दर दुईभन्दा कम घटेको छ र यो आँकडा सबै भौगोलिक क्षेत्र, शिक्षित-अशिक्षित, आय समूहहरूमा उस्तै रहेको छ।"

त्यसैगरी नेपालका विभिन्न प्रदेशहरूमा मानिसहरूले चाहेको परिवारको सङ्ख्या र वास्तविक परिवारको सङ्ख्याबीचको दूरी बढ्दै गएको देखिएको प्रतिवेदनको निष्कर्ष छ। रोजगारीको असुरक्षा, वैदेशिक रोजगारीका कारण दम्पती साथमा नहुने, बालबच्चा हेरचाहमा समस्या र बढ्दो घर खर्चजस्ता कारणले सन्तान जन्माउने निर्णय अझ कठिन बनाएको प्रतिवेदनमा उल्लेख छ।

कार्यक्रममा नेपालका लागि युएनएफपिए प्रतिनिधि वन योङ होडले विश्वभर धेरै मानिसहरू आफूले इच्छा गरेको परिवारको सङ्ख्या बनाउन नसकिरहेका बताउनुभयो। उहाँले भन्नुभयो, "नेपालको अवस्था पनि योभन्दा फरक छैन। केही मानिसहरू आमाबुबा बन्नबाट वञ्चित छन् भने केहीलाई बाध्यात्मक रूपमा आमाबुबा बन्नुपरेको छ। आफूले कल्पना गरेको परिवार बनाउन सक्ने अनुकूल वातावरण र सहज अवसरहरूको उपलब्धताको कुरा हो। तलबसहितको पारिवारिक बिदा, प्रजनन स्वास्थ्य सेवामा सहज पहुँच, बाल हेरचाह सुविधा र सहयोगी जीवनसाथी यी आवश्यक आधारहरू हुन्।"

राष्ट्रिय योजना आयोगका सदस्य प्रा डा आरपी बिच्छाले प्रकाश पार्दै जनसङ्ख्याको यो अवस्था र गतिशीलतालाई मध्यनजर गर्दै हाम्रा नीतिहरूमा पुनर्विचार गर्नुपर्ने देखिएको बताउनुभयो। उहाँले युवाहरूको उत्पादकत्व वृद्धि र जीवन गुणस्तरको प्रवर्द्धन नै नीतिको मुख्य लक्ष्य हुनुपर्ने उहाँको भनाइ छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डिल्लीराम शर्माले नेपालको प्राथमिकता समावेशी र समानतामा आधारित विकास रहेको बताउँदै भन्नुभयो, "सबै व्यक्तिहरूलाई सुसूचित गरेर इच्छाअनुरूप प्रजननसम्बन्धी निर्णय गर्ने अवसर दिनुपर्छ। नीति तथा कार्यक्रमहरूले प्रजनन अधिकार सुनिश्चित गर्दै त्यसमा अवरोध सिर्जना गर्ने बाधालाई हटाउनुपर्नेछ।"

### *सर्वदलिय...*

कार्यसम्पन्न गर्ने सम्बन्धमा सम्बन्धित कार्यालयको कार्यालय प्रमुख तथा निर्माण व्यवसायीहरूले बैठकमा गरेको प्रतिबद्धता पुरा हुने गरी आयोजना कार्यान्वयन कार्ययोजना तीन दिन भित्र प्रमुख जिलला अधिकारी समक्ष पेश गर्ने सहमति भएको छ।

यस्तै राजविराज नगरपालिका भित्र निर्माणाधीन अवस्थामा रहेको हटियाको अधुरो रहेका निर्माण कार्य २०८२ साल असार मसान्त भित्र हटिया संचालनमा ल्याउने व्यवस्था सघन शहरी तथा भवन निर्माण आयोजनाले मिलाउने बैठकले पारित गरेको छ।

तिलाठी कोइलाडी गाउँपालिका वडा १ स्थित भंसार कार्यालय देखि पूर्व निर्माणाधीन अवस्थामा रहेको जिता खोलाको कारण सडक अबरुद्ध रहेकोले वर्षातको समय आउनु अगावै निर्माण कार्य सुचारु गरी सडक संचालनमा ल्याउने तथा हुलाकी राजमार्ग सडक खण्ड अन्तर्गत बनौली पुल पूर्ण रुपमा निर्माण नभएको कारण वर्षातमा सवारी साधन अवागमन तथा सर्वसाधारण जनतालाई हिडडुल गर्न समस्या भईरहेकोले तत्कालै मर्मत गर्ने व्यवस्था सम्बन्धित आयोजना कार्यालय र निर्माण व्यवसायीले गर्ने बैठकबाट निर्णय भएको छ।

### *नगरपालिका...*

लुटपिटमा संलग्नहरुलाई पक्राउ गरि कडा कारवाही हुनुपर्ने माग समेत गरेका छन्।

राजबिराज नगरपालिकाका कर्मचारीहरुले विगत ६ दिनदेखी कुटपिट, गालीगलौज गर्नेमाथी कारवाही तथा काम गर्ने भयमुक्त वातावरणको माग गर्दै धर्ना कार्यक्रम गर्दै आएका छन्। जसकारण नगरपालिकाको कामकाज ठप्प भएको छ।

कमर्चारीहरूले दोषीलाई कानून बमोजिम कारबाही गरी आगामी दिनमा कार्यस्थलको सुरक्षाको प्रत्याभूति दिलाउन, सेवामा काम गर्ने सहज वातावरण बनाउन एवं भयमुक्त वातावरणमा सेवा प्रवाह सुनिश्चितता नभएसम्म आन्दोलनलाई जारि राख्ने अडान लिएका छन्।

नेपाल नगरपालिका कर्मचारी एशोसिएसन राजबिराज नगरपालिका ईकाइ समितिका अध्यक्ष कल्पना देवले घटनाको दोषीलाई कानून बमोजिम कारबाही गरी आगामी दिनमा कार्यस्थलको सुरक्षाको प्रत्याभूति दिलाउन, सेवामा काम गर्ने सहज वातावरण बनाउन एवं भयमुक्त वातावरणमा सेवा प्रवाह सुनिश्चितता गराउन माग गरेका छन्।

यस्तै कुटीपीट र लुटपीटमा संलग्नलाई पक्राउ गर्नुका साथै कर्मचारीहरुले १५ वर्ष देखी करार सेवामा कार्यरत इन्जिनीयर अशोक दासलाई कार्यपालिकाको पछिल्लो निर्णय अनुसार पुनः काममा लगाईनु पर्ने, दैनिक ज्यालादारी कर्मचारीको १६ दिनको बाँकी रहेको तलब भुक्तानी दिनु पर्ने, कुटपीट र तोडफोडमा संलग्न योजना अधिकृत मनोज यादव सहितका व्यक्तीलाई कारवाही तथा कर्मचारीको दुर्घटना बीमाको व्यवस्था लगायतका माग समेत अघि सारेका छन्।

गत जेठ २७ गते मंगलबारका दिन नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको हाजरी गराउने सम्बन्धमा भईरहेको आन्दोलनको क्रममा राजविराज नगरपालिकाका निलम्बित मेयर भिमराज यादव, राजविराज नगरपालिकाका योजना शाखा प्रमुख मनोज कुमार यादव, आन्दोलनकारी सुधिर यादव लगायतका व्यक्तिहरुको समूहले राजविराज नगरपालिकाका कर्मचारीहरुलाई पूर्वग्राही तथा सुनियोजित रुपमा गालीगलौज तथा कुटपिट गरेका थिए।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०२/२५

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. २१८ लक्ष्मी सुनरैतको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे जोगिनिया सा.कि.नं. ४९५० को ज.वि. ०-५-८ मध्ये ०-१-२.५ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स १ नं. जोगिनिया वडा नं. ५ हाल हनुमाननगर कंकालिनी न.पा. वडा नं. ८ बस्ने रामरुप सुनरैतको नाति मकुम सुनरैतको छोरा बेचु सुनरैतको यस कार्यालयमा द.नं. २१५९३ मिति २०८१/१२/०५ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०२/२५ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४९५० | लक्ष्मी सुनरैत | १ नं. जोगिनिया | ५क | ७९— | ०-१-१९ | बेचु सुनरैत | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा वार्ड नं. ५ बस्ने मुकुम सुनरैतको नम्बरी हो रहेको। |

प्रमुख मालपोत अधिकृत
लक्ष्मी प्रसाद खरेल

# विश्व समाचार

## गाजामा इजरायली आक्रमणमा ३० जनाको मृत्यु

गाजा, ४ असार (रासस/क्यएनए)।

गाजा पट्टीका धेरै क्षेत्रमा सहायता खोज्नेहरू, घरहरू र विस्थापित व्यक्तिहरूको शिविरहरूलाई लक्षित गरी भएको इजरायली हवाई आक्रमणमा ३० प्यालेस्टिनीको मृत्यु हुनुका साथै र दर्जनौं घाइते भएका छन्।

मध्य गाजा पट्टीको सालाह अल-दिन स्ट्रिटमा बुधबार बिहानै सहायताका लागि पर्खिरहेका मानिसमाथि इजरायली आक्रमणमा ११ जना प्यालेस्टिनी मारिएको र करिब एक सय जना घाइते भएको चिकित्सा स्रोतहरूले बताएका छन्।

मध्य गाजा पट्टीको माघाजी शरणार्थी शिविरमा रहेको एउटा घरलाई निशाना बनाएर गरिएको आक्रमणमा छ जना मारिएका छन् भने अन्य घाइते भएका छन्। दक्षिणी गाजा पट्टीमा, खान युनिसको अल-मवासी क्षेत्रको अल-अत्तारमा विस्थापित व्यक्तिहरूको शिविरमा इजरायली विमानले आक्रमण गर्दा तीन भाइसहित पाँच प्यालेस्टिनी मारिएको र अन्य धेरै घाइते भएका छन्।

गाजा सहरमा, सहरको दक्षिणपूर्वमा अल-जेइटाउन छिमेकमा रहेको अली बिन अबी तालिब मस्जिद नजिकैको घरमा इजरायली आक्रमणमा आठ जना नागरिकको मृत्यु र अन्य धेरै घाइते भएका छन्।

सन् २०२३ अक्टोबर ७ देखि गाजा पट्टीमा इजरायली आक्रमणबाट मर्नेहरूको सङ्ख्या ५५ हजार चार सय ९३ पुगेको छ भने एक लाख २९ हजार तीन सय ३२० जना घाइते भएका छन्।

जनवरी १९ देखि लागु भएको युद्धविराम सम्झौताअन्तर्गत दुई महिना रोकिएपछि इजरायली कब्जाले मार्च १८ मा गाजा पट्टीमा आफ्नो आक्रमण पुनः सुरु गरेको थियो। यद्यपि, अभूतपूर्व मानवीय त्रासदीको सामना गरिरहेको पट्टीका विभिन्न क्षेत्रलाई लक्षित गर्दै इजरायलले बारम्बार आफ्ना सर्तहरू उल्लङ्घन गरेको छ।

## खाना खोजिरहेका प्यालेस्टिनीहरूमाथि गोली हानेको घटनाको निन्दा

न्युयोर्क, ४ असार (रासस/क्यएनए)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गाजामा सर्वसाधारणको ज्यान गएको र घाइते भएको निन्दा गर्नुभएको छ। उहाँले खाना खोज्दा फेरि गोली हानेर मारिएकोमा जोड दिँदै यो 'अस्वीकार्य' भएको बताउनुभयो।

महासचिवका लागि उप प्रवक्ता फरहान हकले महासचिवले यी सबै रिपोर्टको तत्काल र स्वतन्त्र अनुसन्धान र जवाफदेहिताका लागि आह्वान गरिरहनुभएको बताउनुभयो।

आफ्नो दैनिक पत्रकार सम्मेलनमा हकले गाजामा प्यालेस्टिनी जनसङ्ख्याको आधारभूत आवश्यकताहरू अपार भएको तर अझै पनि पूरा नभएको बताउनुभयो। उहाँले अन्तर्राष्ट्रिय मानवीय कानून अन्तर्गत आवश्यक पर्ने सबै नागरिकलाई मानवीय राहत प्रदान गर्न र सुविधा प्रदान गर्न इजरायलको स्पष्ट दायित्व रहेको उल्लेख गर्नुभयो।

उहाँले तत्काल, व्यापक र निर्बाध मानवीय पहुँच पुनःस्थापना गर्नुपर्ने कुरामा पनि जोड दिनुभयो।

संयुक्त राष्ट्रसङ्घ र सबै मानवीय अभिनेताहरूलाई सुरक्षित रूपमा र मानवीय सिद्धान्तहरूको पूर्ण सम्मानमा काम गर्न अनुमति दिन आवश्यक रहेको कुरामा समेत उहाँको जोड थियो।

मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घको कार्यालयले मङ्गलबार स्वास्थ्य साझेदारहरूले दक्षिणी गाजाको खान युनिसमा सहायताको प्रतीक्षामा रहेका ६० जनाबढी व्यक्ति शहीद भएको र दुई सय ८० भन्दा बढी घाइते भएको रिपोर्ट गरेको छ।

## इजरायलद्वारा इरान द्वन्द्वबाट विदेशमा फसेका नागरिकहरूलाई घर फर्काउन सुरु

जेरुसेलम, ४ असार (रासस/एएफपी)।

इरानसँगको द्वन्द्वका कारण उडान रद्द भएपछि विदेशमा फसेका इजरायलीहरूलाई घर ल्याउने पहिलो विमान बुधबार बेन गुरियन विमानस्थलमा अवतरण गरेको विमानस्थल प्राधिकरणले जनाएको छ।

"केही समयअघि नै अपरेसन सेफ रिटर्नको पहिलो उडान बेन गुरियन विमानस्थलमा अवतरण भएको थियो", एक विज्ञप्तिमा भनिएको छ। उडान राष्ट्रिय वाहक एल अलद्वारा सञ्चालित थियो र साइप्रसको लार्नाकाबाट इजरायलीहरूलाई घर ल्याएको थियो।

यातायातमन्त्री मिरी रेगेभले मङ्गलबार एक लाखदेखि एक लाख ५० हजार इजरायली विदेशमा फसेको बताउनुभयो।

इरानसँगको हवाई युद्धको समयमा उनीहरूलाई रोक्नका लागि इजरायलका सबै व्यावसायिक विमानहरू विदेशमा पठाइएको मन्त्रालयले जनाएको छ।

गत हप्ता उडानहरू स्थगित गरेपछि एल अलले लार्नाका, एथेन्स, रोम, मिलान र पेरिसबाट प्रस्थान गर्ने विमानहरूसँग बुधबारदेखि 'उद्धार उडानहरू तयारी गरिरहेको' बताएको छ।

कम लागतको इजरायली एयरलाइन्स अर्कियाले पनि इजरायलीहरूलाई स्वदेश फिर्ता गर्न यस हप्ता विशेष उडानहरू घोषणा गरेको छ।

बुधबार विमानस्थल प्राधिकरणको एक विज्ञप्तिमा फिर्ती सञ्चालन 'यात्रु, एयरक्रू र विमानको सुरक्षामा कडा जोड दिएर जोखिमको स्तर र हालको सुरक्षा मूल्याङ्कनको आधारमा चरणहरूमा व्यवस्थित भइरहेको' बताइएको छ।

यसले जनतालाई 'हालको सुरक्षा अवस्था' का कारण आगमन गर्ने यात्रुहरूलाई स्वागत गर्न बेन गुरियन विमानस्थलमा नजान वा उनीहरूलाई विमानस्थलबाट लिन ट्याक्सीहरू अर्डर नगर्न आग्रह गरेको छ।

दशकौंको शत्रुता र लामो छायाँ युद्धपछि इजरायलले शुक्रबार इरानविरुद्ध आश्चर्यजनक हवाई अभियान सुरु गरेको थियो।

इजरायलले आक्रमणको उद्देश्य इरानलाई आणविक हतियार क्षमता विकास गर्नबाट रोक्नु भएको बताएको छ तेहरानले आणविक हतियार प्राप्त गर्ने महत्त्वाकांक्षालाई अस्वीकार गरेको छ।

# लापरवाही गर्ने ठेकेदारलाई कारवाही तथा निर्माण कार्यलाई गति प्रदान गर्न माग



**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

सप्तरीको भारदह-बथनाहा-मिलन चौक, डाढा-पकरी सडकखण्ड तथा राजविराज-कंचनपुर हुलाकी सडक अन्तर्गत अग्नीसाइर कृष्णासवरण गाउँपालिका ४ बनौलीस्थित खोलामा पुल निर्माणको काममा संलग्न निर्माण कम्पनीको ढिलासुस्तीका कारण सास्ती भोग्नु परिरहेको भन्दै स्थानीय आक्रोशित भएका छन ।

त्यस भेगका जनताले बुधबार प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई भेटेर एक ज्ञापन पत्र बुझाउँदै उक्त समस्या तत्काल समाधान नगरिए आन्दोलन चर्काउने चेतावनी समेत दिएका छन ।

समाजसेवी एवं राजनीतिज्ञ विकास कुमार तिवारी, तिलेश्वर मण्डल, मनोज कुमार यादव, राम देव यादव, राजकिशोर साह, सूर्यनारायण साह लगायतको अगुवाईमा पुगेको टोलीले प्रमुख जिल्ला अधिकारी दाहाललाई बुझाएको ज्ञापन पत्रमा उक्त सडक र पुल निर्माणको ठेक्का लिएका एम.एस शाह र दिवा जेभी सातदोबाटोका निर्माण कम्पनीले विगत चार वर्षदेखी निर्माण कार्य अलपत्र अवस्थामा छोडिदिदा लाखौं जनताको जनजीवन प्रभावित र कष्टकर बन्न पुगेको उल्लेख छ ।

बि.स. २०७९ असार १९ गते भएको सम्झौता अनुसार २०८१ असार १८ गते भित्र उक्त सडक र पूलको निर्माण कार्य सम्पन्न गरिसक्नु पर्नेमा म्याद भन्दा एक वर्ष बढी हुन लाग्दा पनी निर्माण कम्पनीको लापरवाहीले दुवै संरचना अधुरो र अलपत्र अवस्थामा रहेको भन्दै त्यस भेगका जनता दुर्घट्नाको जोखिमसँगै विभिन्न खाले समस्या भोग्न बाध्य भएको जनाइएको छ ।

उक्त सडक र पुल निर्माण भएपछि त्यस भेगका डिमन, डाढा, त्रिकौल, पिपराही, गोइठी, बलिया, बथनाहा, बनौली, पकरी, चिम्टी, महुली, जण्डौल, लोहजरा लगायतका गाउँका वासिन्दाका साथै फत्तेपुर र राजविराजका जनता समेत लाभान्वित हुने भएपनि ठेकेदारको लापरवाहीले सबैले पीडा भोग्नु परिरहेको ज्ञापनमा उल्लेख छ । त्यस भेगका जनताको एक मात्रै विकल्पका रुपमा रहेको सो सडक र पुल वर्षोदेखी निर्माणाधीन अवस्थामा रहदा वर्षायाममा यस भेगका बिरामीलाई अस्पताल पुर्‍याउन, विद्यार्थीलाई टाढाको विद्यालय पुर्‍याउन तथा अन्य आवश्यक कामकाजले सदरमुकाम राजविराज पुग्न निकै सास्ती भोग्नु पर्ने बाध्यता छ ।

ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी दाहालले उक्त सडक र पुल निर्माण कार्यको जिम्मा पाएका कम्पनीका प्रतिनिधी झिकाई समस्या समाधानका लागी पहल गर्ने प्रतिबद्धता जनाएको टोलीका अगुवाहरुले जनाएका छन ।

## राहदानी हराएको सूचना

घरदेखी राजविराज बजारसम्म जाँदै गरेको अवस्थामा २०८१ साल चैत १५ गते मेरो निम्न ब्यहोराको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८१६७५२२३९ मा सम्पर्क गर्नुहोला ।

**नाम : नुरेन्द्र कुमार यादव**
**ठेगाना : राजविराज-१३, सप्तरी**
**राहदानी नं. : १६०७५५५**

## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

सप्तरीको रुपनी गाविस वडा नं. १, नकटी (हाल रुपनी गाउँपालिका १) निवासी सरिता कुमारी मण्डलको एनइबि रजिष्ट्रशन नं. ७९२१५०२८००९१ को माईग्रेशन सर्टिफिकेट २०८१ चैत १० गते हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८१७७९६३६२ मा सम्पर्क गर्नुहोला ।

**नाम : सरिता कुमारी मण्डल**
**ठेगाना : नकटी १, रुपनी गाविस (हाल रुपनी गाउँपालिका १), सप्तरी**
**रजिष्ट्रेशन नं. : ७९२१५०२८००९१**
**सि.नं. : १११७३९६**

# इजरायल र इरानमा रहेका नेपालीको आवश्यकता अनुसार सहयोग गरिने

काठमाडौँ, ४ असार (रासस) ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले इजरायल र इरानबीच हाल विकसित परिस्थितिका कारण रोजगारीमा रहेका नेपाली श्रमिकको सुरक्षा र सम्भावित जोखिम न्यूनीकरणका लागि कूटनीतिक नियोगलाई आवश्यक तयारी गर्न परराष्ट्र मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरेको छ । श्रम मन्त्रालयका सचिव कृष्णहरि पुस्करको संयोजकत्वमा बसेको सरोकारवालाको बैठकले नेपाली नियोगमार्फत इजरायल, इरान र प्रभावित छिमेकी मुलुकमा रहेका नेपाली नागरिकको विवरण अद्यावधिक गर्ने निर्णय गरेको हो ।

बैठकले नेपाली नियोगसँगको समन्वयमा वैदेशिक रोजगारीमा रहेका नागरिकको आवश्यक सुरक्षालाई ध्यान दिई उपयुक्त परामर्श तथा यात्रा सूचना जारी गर्ने निर्णय गरेको मन्त्रालयले जनाएको छ । इजरायल, इरान र प्रभावित छिमेकी मुलुकमा रहेका नेपालीलाई आवश्यकतानुसार राहत, उद्धारदेखि स्वदेश फिर्ता ल्याउनुपर्ने अवस्थाको पनि तयारी र तेस्रो मुलुकको ट्रान्जिट प्रयोग गर्नुपर्ने भएमा छिमेकी देशसँग समन्वय गरी उद्धारका लागि पहल गर्ने बैठकको निर्णय छ ।

बैठकले परराष्ट्र मन्त्रालयको सहसचिवको संयोजकत्वमा रहेको श्रम आप्रवासन तथा वैदेशिक रोजगार समस्या समाधान कार्यदललाई आपतकालीन प्रतिकार्य टोलीका रुपमा समेत काम गर्ने गरी परिचालन गर्न सिफारिस गरेको छ । सम्बन्धित देशमा रहेका नेपाली नागरिकको सुरक्षा र सहयोगका लागि सुरक्षा कूटनीतिमार्फत आवश्यक पहल गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने, वैदेशिक रोजगारीमा इजरायल, इरान र प्रभावित छिमेकी मुलुकमा जाने नेपालीलाई हवाई टिकट सार्नुपर्ने अवस्थामा सोबापत लाग्ने थप शुल्क छुटको व्यवस्था मिलाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरेको छ ।

बैठकले श्रम स्वीकृति लिई हाल वैदेशिक रोजगारीमा इजरायल, इरान र अन्य प्रभावित छिमेकी मुलुकमा रहेका नेपाली नागरिकको तथ्याङ्क तयार गरी मन्त्रालयमा पेस गर्न निर्देशन दिएको सचिव पुस्करले जानकारी दिनुभयो । बैठकले इजरायल, इरान तथा प्रभावित छिमेकी मुलुकमा रहेका नेपाली नागरिकका लागि मानसिक स्वास्थ्यसम्बन्धी परामर्श सेवा प्रदान गर्न 'भर्चुअल' तथा 'टेलिमेडिसिन' सेवालाई विस्तार र तत्काल उद्धार गर्नुपर्ने अवस्थामा तयारी गर्न वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड र सामाजिक सुरक्षा कोषलाई निर्देशन दिएको छ ।

मन्त्रालयले सम्बन्धित देश तथा नेपाल सरकारले जारी गरेका सूचनाअनुसार आवश्यक सर्तकता अपनाउन अनुरोध गरेको छ । बैठकमा संसदीय समितिका सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, परराष्ट्र र गृह मन्त्रालय, अध्यागमन र वैदेशिक रोजगार विभाग, निजी क्षेत्रका छाता सङ्गठनको प्रतिनिधि सहभागी हुनुहुन्थ्यो ।

# राप्रपाका नेता रवीन्द्र मिश्र रु तीन लाख धरौटी रिहा

काठमाडौँ, ४ असार (रासस) ।

काठमाडौँ जिल्ला अदालतले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलाई रु तीन लाख धरौटीमा छाड्न आदेश दिएको छ ।

न्यायाधीश तारादेवी महर्जनको इजलासले मंगलबार मिश्रलाई रु तीन लाख धरौटीमा छाड्न आदेश दिएको अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठले जानकारी दिनुभयो । मंगलबार सकिएको थुनछेक बहसमा उहाँलाई धरौटीमा छाड्ने आदेश भएको उहाँले जानकारी दिनुभयो ।

सूचना अधिकारी श्रेष्ठका अनुसार मिश्रको मंगलबारै तीन लाख बुझाउनु भएको छ । तीनकुनेमा चैत १५ गते भएको हिंसात्मक आन्दोलनपछि मिश्रलाई पक्राउ गरिएको थियो ।

राप्रपाका वरिष्ठ उपाध्यक्ष मिश्र विरूद्ध सरकारले राज्य विरूद्धको कसुर, आपाराधिक उपद्रव, सङ्गठित अपराध र एकीकृत कसुरमा सजाय हुन मागदाबी गर्दै मुद्दा दर्ता गरेको थियो ।

# बसमा एक बृद्धको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

सप्तरीबाट बसमा चढेर काठमाडौँ जाँदै गरेका एक बृद्धको बाटोमा मृत्यु भएको छ ।

सप्तरीको बालन बिहुल गाउँपालिका ५ घर भएका ८३ वर्षीय असरफि ठाकुरको धादिङको गजुरी गाउँपालिका १ मा आइपुगेपछि मृत्यु भएको प्रहरीले जनाएको छ ।

बा.प्र-०३-००१ख.२८५२ नम्बरको बसमा सवार ठाकुर अचानक बिरामी भएपछि उनलाई प्राथमिक स्वास्थ्य केन्द्रमा पठाइएको थियो । उपचारको क्रममा बुधवार बिहान उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय गजुरीले जनाएको छ ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*